## सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मी

## सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशितभएको मिति २०८०/०९/१८

सिलबन्दी दरभाउ पत्रको सुचना नं.**SADEC/SQ/VITA/GOAT/01/080/81**

कालिगण्डकी गाउँपालिका गुल्मी र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मी नेपालको सहजिकरणमा संचालित कालिगण्डकी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गुल्मी अन्तर्गत उच्च प्रजनन् योग्य स्वस्थ विउ बाखाहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य आपूर्तिकर्ताहरुबाट रितपुर्वक सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धीविवरण**

| क्र.सं. | वस्तु / सामग्री को विवरण | परिमाण | दरभाउ पत्र जमानत रकम रु. | दरभाउ पत्र फारम दस्तुर | दरभाउ पत्र मान्य हुने अवधि | दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | उच्च प्रजनन् योग्य स्वस्थ विउ बाखा | २२७ | ४८,०००।०० | १,०००।०० | सिलवन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिनहुनेछ । | २०८०/१०/ ०३ गते कार्यालय समय साँझ ४:०० बजे भित्र । | २०८०/१०/ ०४ गते मध्यान्ह १२.०० बजे सम्म । | २०८०/१०/ ०४ गते अपरान्ह २.३० बजे । |

१. दरभाउ पत्र पेस गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् २०८०/१०/०३ गते कार्यालय समय साँझ ४:०० बजे भित्र रु. १,००० दस्तूर (फिर्ता नहुने) तथा फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल, गुल्मीको मुख्य कार्यालय रेसुङ्गा नगरपालिका वडा नं.१ भिमचोक तम्घास,गुल्मीमा पेश गरी सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन ।

२. सिलबन्दी दरभाउ पत्र सुचना प्रकाशन भएको मितिले १६औं दिन अर्थात २०८०/१०/०४ गते मध्यान्ह १२:०० बजे भित्र सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपाल गुल्मीको मुख्य कार्यालयमा पेश गर्नुपर्नेछ । उल्लिखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउ पत्र अस्वीकृत गरिनेछ ।

३. प्राप्त भएका सिलबन्दी दरभाउ पत्रहरु २०८०/१०/०४ गते दिनको २:३० बजे उपस्थित हुन चाहने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपालको मुख्य कार्यालयमा खोलिनेछ । दरभाउ पत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुने गरी कम्तीमा ४५ दिन हुनु पर्नेछ । दरभाउ पत्रको साथ रु ४८,०००।०० (अक्षरुपी अठ्चालिस हजार मात्र) दरभाउ पत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउ पत्र जमानतको मान्यहुने अवधि दरभाउ पत्रको मान्य अवधि भन्दा कम्तिमा पनि ३० दिन बढी हुनुपर्नेछ । दरभाउ पत्रदाताले जमानत वापत नगदै राख्नचाहेमा राष्ट्रिय वाणीज्य वैंक शाखा कार्यालय तम्घास, गुल्मीमा रहेको VITa/SADEC Nepal Gulmi खाता नं ३०१०१००३४२६५८००१ मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र बैंक जम्मा भौचर सिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।

४. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साविककै मिति देखि गणना गरिनेछ ।

५. सिलबन्दी दरभाउ पत्र पेश गर्न ईच्छुक योग्य आपूर्तिकर्ताहरुले थप जानकारीको लागि सामाजिक जागरण तथा विकास अभियान (साडेक) नेपालको परियोजना कार्यालय पुर्तिघाट र मुख्य कार्यालय तम्घास गुल्मी वा संस्थाको फोन नं ०७९-५२०४७१ वा ईमेल ठेगाना sadecnepal@gmail.comमा सम्पर्क गर्न सक्नुहुनेछ ।

विष्णु प्रसाद भण्डारी

कार्यकारी निर्देशक